नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

(करदाता सेवा शाखा)

लाजिम्पाट, काठमाडौं

## एच.एस. कोड सहितको कर बीजक प्रयोग सम्बन्धमा बारम्वार सोधिने गरेका प्रश्नहरूको जवाफ

१ मूल्य अभिवृद्धि कर नियमावली (छब्बिसौं संशोधन) , २०५३ ले व्यवस्था गरे बमोजिम एच. एस. कोड सहितको कर बीजकको प्रयोग कसले गर्नुपर्दछ ?

- मूल्य अभिवृद्धि करमा दर्ता भएका सबै करदाताले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची-५, ५ख र ६ मा उल्लेख भएको ढाँचामा कर बीजक प्रयोग गर्नुपर्दछ ।

२ कम्प्युटर बिलिङ गर्ने करदाताले हाल जारी गर्दै आएको कर बीजकको सट्टा एच. एस. कोड सहितको ढाँचाको कर बीजक जारी गर्दा कार्यालयबाट अनुमति लिनु पर्छ वा पर्दैन ?

- करदाताले विद्युतीय बीजक जारी गर्न प्रयोग गर्दै आएको सफ्टवेयर र सफ्टवेयरको भर्सन यथावत रहने गरी उक्त सफ्टवेयरबाट जारी गर्दै आएको बीजकको सट्टामा एच. एस. कोड मात्र थप गर्दा पुनः अनुमति लिनु पर्दैन ।

३ बीजकमा एच. एस. कोडको अङ्क पुरै उल्लेख गर्नुपर्छ ?

- आयातित सामानको बीजक जारी गर्दा एच. एस. कोडको सुरुको चार अङ्क अनिवार्य रूपमा उल्लेख गर्नुपर्दछ। करदाताले चाहेमा एच. एस. कोडको पुरै अङ्क उल्लेख गर्न सक्नेछ।

४ मूल्य अभिवृद्धि करमा दर्ता भएका कुन कुन करदाताले जारी गर्ने बीजकमा एच. एस. कोड अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ?

- आयातित सामानको कारोबार गर्ने सबै करदाताले आफूले जारी गर्ने बीजकमा एच. एस. कोड उल्लेख गर्नुपर्नेछ।

५ स्वदेशमा उत्पादित सामान विक्री गर्दा एच. एस. कोड उल्लेख गर्नुपर्छ कि पर्दैन ?

- करदाताले आफूले जारी गर्ने बीजकमा स्वदेशमा उत्पादित सामानमा समेत एच. एस. कोड उल्लेख गर्न चाहेमा सक्नेछ ।

६ नयाँ ढाँचाको बीजक लागू हुनुभन्दा अगाडि खरिद गरेका सामान मौज्दातमा रहेको अवस्थामा ती सामान बिक्री गर्दा एच. एस. कोड उल्लेख गर्नुपर्छ कि पर्दैन ?

- बिक्रेताले मौज्दातमा रहेको आयातित सामान विक्री गर्दा समेत एच. एस. कोड उल्लेख गर्नुपर्दछ।

७ मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताले कर छुट भएका सामान विक्री गर्दा एच. एस. कोड उल्लेख गर्नुपर्छ कि पर्दैन ?

- मूल्य अभिवृद्धि कर लाग्ने वा नलाग्ने जुनसुकै सामान आयात गरेर बिक्री वितरण गर्ने भएमा एच. एस. कोड उल्लेख गर्नुपर्छ।